८१ औं

आज मिति २०७७।०२।०४ गतेका दिन धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताहरु माथि छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोपाल शर्मा | प्रमुख प्रशासकीय अधिकृत |

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## प्रस्ताहरु

१. नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. कोभिड-१९ को रोकथाम सम्बन्धमा वडागत रुपमा भएका कार्यको समिक्षा ।
३. राजस्व बाँडफाँड वाट विनियोजीत योजनाहरु सम्बन्धमा ।
४. गाउँपालिकामा रहेको बाँझो जग्गाको उपयोगीता सम्बन्धमा ।
५. गाउँपालिकाका कर्मचारीहरुको खाजा खर्च सम्बन्धमा ।
६. खाद्य बैंक स्थापना गर्ने सम्बन्धमा ।
७. खाद्य पदार्थको बचत सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ उपर व्यापक छलफल गर्दा आगामी आ.व. को लागि नीति तथा कार्यक्रम तयार गर्ने प्रयोजनका लागि विषयगत समितिहरुलाइ ७ दिन भित्र लिखित सुझाब पेस गर्ने साथै तपशिल बमोजिमका समितिहरुको सचिवको रुपमा देहायका कर्मचारीहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तपशिल**

| समिति | जिम्मेवारी तोकिएको कर्मचारीहरुको नाम |
|---|---|
| आर्थिक विकास | श्री कृष्ण प्रसाद सुवेदी |
| सामाजिक विकास | श्री कृष्ण प्रसाद सुवेदी |
| वातावरण तथा विपद व्यवस्थापन | श्री रमेश पौडेल |
| पूर्वाधार विकास | श्री सोविन घर्ती |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | श्री कमल प्रसाद ढकाल |

निर्णय नं. २

प्रस्ताव नं. २ उपर व्यापक छलफल गर्दा कोभिड-१९ का कारण विश्वलाइ आक्रान्त पारेको वर्तमान अवस्थामा लकडाउनको वेला यस गाउँपालिकाले गरेका प्रयासहरु सन्तोषजनक रहेको र आगामी दिनमा लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वडास्तरीय समितिलाई सक्रिय बनाउने साथै आवश्यक परेमा सम्बन्धित निकायलाई आग्रह गर्ने निर्णय गरियो ।

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर व्यापक छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ कोरोना भाइरस का कारण विश्व अर्थतन्त्र नै ऋणात्मक अवस्थामा गइरहेको राजस्व संकलन समेत नराम्ररी प्रभावित भएकोले आ.व. २०७६।७७ मा राजस्व बाँडफाँड अन्तगर्त प्राप्त सिलिङ बमोजिमको रकम प्राप्त हुने अवस्था नदेखिएकोले आगामी दिनमा राजस्व बाँडफाँड विनियोजीत योजनाहरु सम्झौता बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि व्यापक रुपमा छलफल गर्दा गाउँपालिका भित्र रहेको बाँझो जग्गा उपयोगिताका लागि आगामी आ.ब. मा ठोस नीति ल्याउने आवश्यक तयारीका लागि आर्थिक विकास समितिलाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आ.व. २०७६।७७ को गाउँसभाबाट विनियोजित अन्य भत्ता शिर्षकको बजेटबाट श्रावण देखि मासिक दामासाही रुपमा खाजा खर्च प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताप नं. ६ उपर छलफल गर्दा कोरोना भाइरसका कारण गाउँपालिका भित्र हुन सक्ने सम्भावित खाद्य संकटलाई मध्यनजर गर्दा प्रत्येक वडामा गाउँपालिकाको आह्वानमा तपशिलमा उल्लेख भएबमोजिको क्षमता रहेको खाद्य बैंक स्थापना गर्ने निर्णय सर्वसमितिले पारित गरियो ।

| वडा नं. | क्षमता |
|---|---|
| १ | २० मुरी |
| २ | १५ मुरी |
| ३ | ३० मुरी |
| ४ | ३० मुरी |
| ५ | २० मुरी |
| ६ | २५ मुरी |
| ७ | ४० मुरी |

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

प्रस्ताप नं. ७ उपर छलफल गर्दा यस गाउँपालिकामा विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को महामारीका कारण उत्पन्न हुन सक्ने खाद्यसंकटको अवस्थालाइ मध्यनजर गर्दै यस गाउँपालिका भित्र रक्सी बनाउने प्रयोजनका लागि खाद्यापदार्थको प्रयोग व्यापक रुपमा हुने गरेको र सो कार्यले खाद्य पदार्थ दुरुपयोग हुने गरेको यस्तो कार्य नियन्त्रण गरी खाद्य पदार्थ बचत गर्ने प्रयोजनको लागि वडा समितिको सक्रियतामा आवश्यक परेको खण्डमा प्रशासन समेतको सहयोगमा अभियान संचालन गर्न निर्णय गरियो ।

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत